# नेपाल राष्ट्र बैंक
## केन्द्रीय कार्यालय
## जनशक्ति व्यवस्थापन विभागको
## सूचना

यस बैंकमा रिक्त रहेको सुरक्षा समूहतर्फ देहायका पदको लागि निम्नलिखित योग्यता पुगेका उम्मेदवारहरुको आवश्यकता परेकोले देहायमा उल्लिखित शर्तमा रही कार्य गर्न इच्छुक योग्य नेपाली नागरिकहरुबाट आफुले प्राप्त गरेको योग्यता र अन्य प्रमाणपत्र तथा उमेर खुल्ने नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, नागरिकताको प्रमाणपत्रबाट उमेर नखुल्ने भएमा उमेर खुल्ने शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी र हालसालै खिचिएको पासपोर्ट साईजको ३ (तीन) प्रति फोटो संलग्न गरी यस बैंकको केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभाग, वालुवाटार काठमाण्डौमा ०७५ मंसीर ५ गते बुधबार देखि २०७५ मंसीर १९ गते बुधबारसम्म कार्यालय समय भित्र आइपुग्ने गरी दरखास्त आव्हान गरिएको छ । रित नपुगी आएको दरखास्त उपर कुनै किसिमको कारवाही हुनेछैन । उक्त कार्यको लागि आउँदा, रहँदा र फर्किदाको खर्च उम्मेदवार स्वयम्ले व्यहोर्नु पर्नेछ ।

| सि. नं. | पद | कार्यालय | आवश्यक पद संख्या | करार सेवा अवधि | आवश्यक न्यूनतम योग्यता |
|---|---|---|---|---|---|
| १. | सुरक्षा सहायक | नेपाल राष्ट्र बैंकका सम्पुर्ण विभाग तथा कार्यालयहरु | २ | ६ महिना | नेपाली सेनाको जमदार वा सोभन्दा माथिको पदबाट निवृत्त तथा ४५ वर्ष पुरा भई ५५ वर्ष उमेर ननाघेको । |
| २. | प्रबन्ध रक्षक | | १ | | नेपाली सेनाको हवल्दार पदबाट निवृत्त तथा ४५ वर्ष पुरा भई ५५ वर्ष उमेर ननाघेको । |
| ३. | रक्षक | | ३ | | नेपाली सेनाको हवल्दार पदबाट निवृत्त तथा ४५ वर्ष पुरा भई ५५ वर्ष उमेर ननाघेको । |
| ४. | सिपाही | | ६ | | नेपाली सेनाको सिपाही, प्युठ वा अमलदार पदबाट निवृत्त तथा ४५ वर्ष पुरा भई ५५ वर्ष उमेर ननाघेको । |
| ५. | पिपा | | १ | | नेपाली सेनाको पिपा वा सिपाही पदबाट निवृत्त तथा ४५ वर्ष पुरा भई ५५ वर्ष उमेर ननाघेको । |

१. **सर्ट लिष्टिङ्ग :** माग पद संख्याको १० गुणाभन्दा बढी दरखास्त पर्न आएमा उम्मेदवारहरुको कार्य अनुभव, तालिम, उमेरको आधारमा सर्ट लिष्टिङ्ग गरिनेछ । सर्ट लिष्टिङ्गमा पर्न सफल उम्मेदवारलाई मात्र प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षामा सामेल गराइनेछ ।

२. **उम्मेदवारको छनौट विधि :** प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षाबाट ।

३. **प्रयोगात्मक तथा अन्तर्वार्ता परीक्षा हुने मिति र स्थान :** सम्पर्क मितिका दिन यस बैंकको केन्द्रीय कार्यालय, वालुवाटार तथा जिल्लास्थित कार्यालयमा प्रकाशित गरिनेछ ।

४. **सम्पर्क मिति र स्थान :** ०७५ मंसीर २८ गते शुक्रवारका दिन जनशक्ति व्यवस्थापन विभाग वालुवाटार ।

५. **पारिश्रमिक तथा अन्य सुविधा :** सुरक्षा सहायक पदको मासिक परिश्रमिक रु.२९,७००/-, प्रबन्ध रक्षक पदको मासिक पारिश्रमिक रु.२८,६००।-, रक्षक पदको मासिक पारिश्रमिक रु.२६,८००/-, सिपाही पदको मासिक पारिश्रमिक रु.२५,४००।-, र पिपा पदको मासिक पारिश्रमिक रु.२५,१००।- तथा अन्य सुविधा दुवै पक्षवीच हुने करारनामामा उल्लेख भए बमोजिम हुनेछ ।

६. **सेवा सम्बन्धी शर्त :** दुवै पक्षबीच हुने करारनामामा उल्लिखित शर्तअनुसार हुनेछ ।

७. **दरखास्त फाराम :** दरखास्त फाराम यस बैंकको केन्द्रीय कार्यालय, जनशक्ति व्यवस्थापन विभाग तथा जिल्ला स्थित कार्यालयबाट प्राप्त गर्न सकिने छ । साथै, यो सूचना तथा दरखास्त फाराम यस बैंकको website: www.org.np, career @ NRB मा राखिएको छ ।

८. **दरखास्त दस्तुर :** दरखास्त दस्तुर रु.३००।- यस बैंकको बैंकिङ्ग कारोवार हुने कार्यालयको नाफा नोक्सान आम्दानी फुटकर हिसाबमा खाता नं. १२०००००/०३०/०१२/५२४ मा जम्मा गरेको सक्कल भौचर दरखास्तसाथ संलग्न हुनुपर्नेछ ।

मिति : २०७५/०८/०४

(गुरुप्रसाद पौडेल)
निर्देशक
सदस्य सचिव पदपूर्ति उपसमिति

श्रीमान् कार्यकारी निर्देशकज्यू
नेपाल राष्ट्र बैंक
जनशक्ति व्यवस्थापन विभाग
वालुवाटार, काठमाण्डौ

पासपोर्ट
साइजको फोटो
(फोटो र फरमा पर्ने
गरी उम्मेदवारले
दस्तखत गर्नु पर्नेछ)

**महोदय,**

त्यस विभागको मिति २०७५/...../..... को सूचना अनुसार देहायबमोजिमको कागजातहरु संलग्न गरी .............................(करार) पदको लागि दरखास्त पेश गरेको छु ।

**उम्मेदवारको नाम, थर :-**

**जन्म मिति :-**

**बावुको नाम, थर :-**

**बाजेको नाम, थर :-**

**स्थायी ठेगाना :-**

जिल्ला :- गा.वि.स./नगरपालिका :- वडा नं. :-

मोबाइल नं. :-

**संलग्न कागजातहरु :-**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
२. शैक्षिक योग्यताको प्रमाणपत्र
३. पेन्सन पट्टाको प्रतिलिपी
४. दरखास्त दस्तुर बुझाएको भौचर
५. ...........................................सम्बन्धी......बर्षको कार्य अनुभव (अनुभव खुल्ने कागजातको प्रतिलिपी समेत संलग्न गर्नु पर्ने) :

| सि.नं. | पद | कार्य गरेको संस्था | मिति | |
|---|---|---|---|---|
| | | | देखि | सम्म |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

...........................
निवेदकको दस्तखत
मिति :

## नेपाल राष्ट्र बैंक
### जनशक्ति व्यवस्थापन विभाग
### करार ............ पदको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि
### प्रवेश-पत्र

प्रवेश-पत्र नं. :

नाम थर :

ठेगाना :

फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु पर्नेछ।

उम्मेदवारको दस्तखत :

सम्बन्धित अधिकृतको दस्तखत

मिति : २०७५/ /

नोट :

१. यो प्रवेशपत्र प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको दिन लिई आउनु पर्नेछ।
२. परीक्षार्थीहरु प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १५ मिनेट अगावै उपस्थित हुनु पर्नेछ।

..........................................................................................


## नेपाल राष्ट्र बैंक
### जनशक्ति व्यवस्थापन विभाग
### करार ............ पदको प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि
### प्रवेश-पत्र

प्रवेश-पत्र नं. :

नाम थर :

ठेगाना :

फोटो र फारममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्नु पर्नेछ।

उम्मेदवारको दस्तखत :

सम्बन्धित अधिकृतको दस्तखत

मिति : २०७५/ /

नोट :

१. यो प्रवेशपत्र प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको दिन लिई आउनु पर्नेछ।
२. परीक्षार्थीहरु प्रयोगात्मक परीक्षा तथा अन्तर्वार्ताको लागि तोकिएको समयभन्दा १५ मिनेट अगावै उपस्थित हुनु पर्नेछ।